नेपाल सरकार

# संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

(टुर मुकाम, वीरगंज, पर्सा)

प.सं. : ०६९।७०

विषय : निर्देशन सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय , वारा र पर्सा ।
श्री जिल्ला प्राविधिक कार्यालय, वारा र पर्सा ।
श्री वीरगंज उपमहानगरपालिका कार्यालय, पर्सा ।
श्री कलैया नगरपालिकाको कार्यालय, वारा ।

उपर्युक्त सम्वन्धमा मन्त्रालयवाट मिति ०६९।९।२९ देखि खटिएको अनुगमन टोली र माननीय उप प्रधानमन्त्री तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूको नेतृत्वमा आएको अनुगमन तथा निरीक्षण टोलीले प्राप्त गरेको तथ्यहरुको आधारमा तत्काल निम्नानुसारको निर्देशन दिने भनी निर्णय भएको हुँदा निर्देशनको कार्यान्वयन गरी सो को जानकारी मन्त्रालयमा पठाउने व्यवस्था गर्नु हुन निर्णयानुसार अनुरोध छ ।

- जिल्ला परिषद/नगर परिषद्मा एकमुष्ट बजेट छुट्टयाई जिविस/न.पा. बैठकबाट पटक पटक योजना छनौट गर्ने परम्परा अविलम्व अन्त्य गरी प्राथमिकता आधारमा ठूला र परिणाममुखी योजनामा लगानी गर्ने ।
- उपभोक्ता समिति गठन गर्दा उपभोक्ताहरुको आम सहभागितामा कार्यालयको कर्मचारीको रोहबरमा गठन गर्ने व्यबस्था कायम गर्ने । उपभोक्ताले सम्झौता गरी ठेक्का पट्टा मार्फत काम गराईएको पाईएमा यस्ता योजनाहरुको प्राविधिक जिम्मेवारी लिने कर्मचारीले जिल्ला प्राविधिक कार्यालय, नगरपालिका एवं जिल्ला विकास समितिमा जानकारी गराई आवश्यक कारवाही गर्ने गराउने ।
- आन्तरिक आयको वृद्धिमा ध्यान दिने । पुरानो वक्यौता रकम एक महिना भित्रमा असुल उपर गरीसक्ने, विकासको निम्ति छुट्याउनु पर्ने रकम प्रशासनिक काममा खर्च गर्ने निकायलाई कारवाही गर्ने ।
- सवै गाविसको आन्तरिक आम्दानीको हिसाव किताव जिविसले एक महिना भित्र तयार गरी सुधारको प्रक्रिया तुरुन्त प्रारम्भ गर्ने । कुनै गा.वि.स.मा अनियमितताको जानकारी प्राप्त हुना साथ जिविसले टोली खटाई छानवीन गरी तत्काल कारवाही गर्ने व्यवस्था मिलाउने ।
- कार्यालयमा रहेको वेरुजुको लगत एक महिना भित्र मन्त्रालय र महालेखा परिक्षकको कार्यालय संग भिड्ने गरि अद्यावधिक गर्ने ।
- पटक पटक जानकारी गराउदा पनि पेश्की वेरुजु फछ्र्यौट नगर्ने कर्मचारीलाई पेश्की र वेरुजुको मात्रा र गम्भिरता हेरी २४ घण्टा भित्र कानून वमोजिम विभागीय कारवाही गरी मन्त्रालयमा जानकारी दिने । अनियमितता र हिनामिनामा संलग्न कर्मचारीलाई कुनै पनि क्षेत्रवाट कुनै पनि किसिमको संरक्षण नदिने ।
- आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट हुन नसक्ने गरि पेश्की नदिने कार्यलाई कडाईका साथ लागू गर्ने ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको नामावली प्रकाशन एवं सार्वजनिकीकरण गरी १५ दिन भित्र लगत अद्यावधिक गर्ने ।
- भत्ता बितरणको स्थितिको सम्बन्धमा जिविसले नियमित अनुगमन गर्ने र कहिवाट कुनै गुनासो आएमा उपयुक्त संयन्त्र मार्फत ७ दिन भित्र सुनुवाई र समाधान गर्ने व्यवस्था मिलाउने ।

- सामाजिक सुरक्षा भत्ता तर्फको गत विगत वर्षको पेश्की ७ दिन भित्र फछ्र्यौट गराई सक्ने । नगर्ने कर्मचारीहरुलाई विभागीय कारवाही प्रारम्भ गर्ने ।
- भ्रष्टाचारमा प्रत्यक्ष संलग्न कर्मचारीहरुलाई २४ घण्टा भित्र विभागीय कारवाही प्रारम्भ गरी मन्त्रालयलाई जानकारी दिने ।
- योजनाको प्राविधिक काममा जिल्ला प्राविधिक कार्यालय र सम्वन्धित प्राविधिक कर्मचारीलाई जिम्मेवार वनाउने ।
- नगरपालिकाले प्राविधिक गुणस्तर कायम राख्न छुट्टै संयन्त्र खडा गरी भएका प्राविधिक कर्मचारीवाट आवश्यक कार्य प्रारम्भ गर्ने ।
- कलैया न.पा. भवन जस्तै अन्य निर्माण योजनाहरुको निरीक्षण र प्राविधिक गुणस्तर एकीन गरी सम्वन्धित प्राविधिक कर्मचारी लगायत जिम्मेवार कर्मचारीलाई आवश्यक कारवाही प्रारम्भ गरी मन्त्रालयलाई जानकारी दिने ।
- गाविस सचिवहरुलाई कार्यस्थानमा रहि कार्य गर्न अविलम्व निर्देशन दिने । गाविस सचिवहरु कार्य क्षेत्रमा रहि कार्य गरे नगरेको सम्वन्धमा नियमित रुपमा स्थलगत अनुगमन गर्ने । मन्त्रालयले गा.वि.स. सचिवहरुको व्यवस्थापन सम्वन्धमा दिएको निर्देशनलाई पालना नगर्ने कर्मचारीलाई तुरुन्त कारवाही प्रारम्भ गरी सो को जानकारी मन्त्रालयलाई दिने ।
- गा.वि.स.का कर्मचारीहरुको व्यक्तिगत विवरण अविलम्व अद्यावधिक गरि मन्त्रालयमा पठाउने ।
- पुँजीगत रकमवाट आर्थिक सहायता, चन्दा , पुरस्कार, संस्थागत अनुदान , कार्यक्रम सहयोग जस्ता कार्यमा पटके निर्णय गरी खर्च गर्ने प्रवृत्तिलाई अविलम्ब रोक्नुपर्ने ।
- खर्च भएको रकम मासिक रुपमा अनिवार्य रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
- सवै उपभोक्ताहरुको उपस्थितिमा सार्वजनिक परीक्षण (Public Audit)लाई अनिवार्य गर्ने ।
- स्थानीय निकायको स्वामित्वमा रहेको सम्पत्तीहरुको संरक्षण र सदुपयोग गर्न अभिलेख अद्यावधिक गर्ने ।
- जिल्लामा कार्यरत NGO/INGO's को Profile र कार्यक्रमको विवरण जि.वि.स. ले अद्यावधिक गरी भएका कामको अभिलेखाङ्कन गर्ने ।
- स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २४९ वमोजिमको प्रकृया पुरा गरी स्वीकृत दरवन्दीमा अस्थायी रुपमा कार्यरत स्थानीय निकायका कर्मचारीहरुलाई सम्वन्धित स्थानीय नियकायको आफ्नो आन्तरिक आयको प्रशासनिक खर्चको सीमा भित्रवाट तलव भत्ता तथा अन्य सुविधा उपलब्ध गराउन सक्ने एकीन गरी स्थायी गराउन सकिने तर्फ नियमावलीमा आवश्यक व्यवस्थागर्न मन्त्रालय सकारात्मक रहेकोले यस विषयमा अनावश्यक वन्द हड्ताल गर्ने कर्मचारीहरुलाई कारवाही गर्ने ।
- वीरगंज उप म.न.पा.ले आफ्नो कर्मचारी दरवन्दीको औचित्य पुष्ट्याई गर्ने अन्यथा कानून विपरित गरिएको कर्मचारी सम्वन्धी व्यवस्थालाई तुरुन्त खारेज गर्ने ।
- जिविस/न.पा.ले योजना वनाउदा आफ्ना श्रोत साधन प्रयोग गरी गर्न सकिने योजना तयार गर्ने, तदनुसार लगत इस्टिमेट, डिजाईन, ड्इङ गराई काम गर्ने र यस्तो काम उपभोक्ताहरुको सहजीकरण, सुपरीवेक्षण र निगरानीमा गर्ने व्यवस्था मिलाउने ।
- गत विगत आ.व.हरुमा वजेटको निश्चित नभै र अधिकार प्राप्त निकायवाट योजना स्वीकृत नभै सम्झौता गरी कार्यान्वयन गरिएका र हाल भुक्तानी वाँकी भएको भनिएका योजनाहरुको हकमा कुन शीर्षकवाट कसरी सम्झौता गरिएका हुन ? हालको अवस्था के छ ? एकीन गरी संलग्न कर्मचारीहरुलाई स्पष्टीकरण लिने र थप कारवाहीको लागि सम्वन्धित निकायमा लेखी पठाउने ।